# २०८१ सालको कार्यविधि नं. ३

# "विपन्न आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"

गाउँकार्यपालिकाबाट स्वीकृत मिति: २०८१।११।२६

प्रस्तावना:

नेपालको संविधानले प्रदत्त गरेको नागरिकको मौलिक हक अन्तर्गत सबै नागरिकलाई सुरक्षित आवासको अधिकारको सम्मान, संरक्षण तथा परि पूर्ति गर्न गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरबार बिहिन भएका, घर परिवारका अधिकांश सदस्य अपाङ्ग भएका कारण घर निर्माण गर्न नसकी सुरक्षित घर बिहिन भएका, अनाथ बालबालिका, वृद्ध वृद्धा, एकल महिला, लोपोन्मुख, सिमान्तकृत, पिछडा वर्ग, दलित एवं सम्पूर्ण समुदायका विपन्न नागरिकलाई सुरक्षित घरमा बस्ने व्यवस्था मिलाउनु सरकारको दायित्व भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सुस्ता गाउँपालिका गाउँ कार्यपालिकाले विपन्न आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "विपन्न आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधी राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

(२) परिभाषा:

२.१. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

२.२. "सभा" भन्नाले सुस्ता गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

२.३. "कार्यपालिका" भन्नाले सुस्ता गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

२.४. "अध्यक्ष" भन्नाले सुस्ता गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

२.५. "उपाध्यक्ष" भन्नाले सुस्ता गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ।

२.६. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुस्ता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत
सम्झनु पर्दछ ।

२.७. "गाउँपालिका" भन्नाले सुस्ता गाउँपालिका भन्ने सम्झनु पर्दछ ।

२.८. "विपन्न नागरिक आवास कार्यक्रम" भन्नाले कावु बाहिरको परिस्थितिको उपज बाहेक विपन्न नागरिकलाई सुरक्षित रुपमा वसोवास गर्न कठिन भएका घरहरुमा हावा, पानी छेक्न सक्ने गरी काठ, ईटा, ढुङ्गा वा बल्क आदिको गारो र जस्तापाताको छाना भएको घर निर्माण गर्ने योजना सम्झनु पर्दछ ।

२.९. लक्षित वर्ग छनौट समिति भन्नाले दफा ६.१ वमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

२.१०. लक्षित वर्ग भन्नाले वसोवासको लागि देशका कुनै पनि स्थानमा घर नभएका, लोपोन्मुख समुदाय, सिमान्तकृत परिवार तथा पछाडि परेका समुदाय अधिकतम २ कट्ठा सम्म जग्गा जमिन भएका तर झुप्रो घरमा बसोबास गरेका र सुरक्षित घर निर्माण गर्न नसकेका, भूमिहिन सकुम्बासी, आफ्नो स्वामित्वमा घर भए पनि घरको छाना त्रिपाल, खपटा, टाली तथा प्लास्टिकको छानो मुनि

बसोवास गरेका, परालको घेरावेरा गरेका, घरका अधिकांश सदस्य अपाङ्ग भएका कारण घर निर्माण गर्न नसकेका, घर विहिन अनाथ बालबालिका मात्र रहेका परिवार, एकल महिला वृद्ध वृद्धा मात्र भएका, बाढीबाट विस्थापित परिवार तथा आगलागी वा गरिबिका कारण घर निर्माण गर्न नसक्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदाय तथा सम्पूर्ण समुदायका विपन्न परिवार सम्झनु पर्दछ ।

## परिच्छेद-२

लक्षित वर्गको पहिचान, छनौटका आधार, कार्यक्रम सञ्चालन गर्ने स्थान र अनुदानको प्रकार

(३) **लक्षित वर्गको पहिचानः** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरीनेछ ।

(क) लक्षित वर्ग बसोवास गर्दै आएको घरको छाना पराल, स्याउला, प्लास्टिक, बिटुमिनको ड्रम, टाली, खपटा वा यस्तै प्रकारका वस्तुबाट छाएको कारण हावा हुरी र पानी थेग्न नसक्ने अवस्थाका घर वा आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएका घर परिवार ।

(ख) गरीबीको रेखा मुनि रहेका कारण घर निर्माण गर्न नसकिरहेका परिवार ।

(ग) आफ्नो स्वामित्वमा २ कट्ठा भन्दा कम जमिन भएका र सुरक्षित घर निर्माण गर्न असमर्थ भएका नागरिक वा घर विहिन भूमिहिन सुकुम्बासी परिवार, परिवारमा अपाङ्गता, वृद्ध तथा एकल महिला भएका व्यक्तिका कारण सुरक्षित घर बनाउन असमर्थ भएका परिवार ।



CamScanner

(घ) बाढीका कारण घरवास विहिन भएका परिवार।

(ङ) २ कठ्ठा भन्दा कम जमिन भएका र आगलागीका कारण घर नस्ट भएको र निजका एकल घरका परिवारको कुनै पनि सदस्य नेपालका कुनै सरकारी, अर्ध सरकारी, गैर सरकारी वा वैदेशिक रोजगारीमा संलग्न नभएको परिवार ।

(च) नेपाल सरकारबाट गरिब घरपरिवार पहिचान भई गरिबीको सुचीमा सुचिकृत भएका घर परिवार ।

(छ) आवास निर्माणका लागि आफ्नो स्वामित्वमा जग्गा नभए तापनि विगत १० वर्ष देखि २ कट्ठा सम्म जग्गामा स्थायी बसोबास गरेको घरपरिवार

(४) लक्षित वर्ग छनौटका आधार: विपन्न नागरिक आवास योजना सम्बन्धी कार्यक्रम मार्फत लक्षित वर्गलाई सुविधा प्रदान गर्न लक्षित वर्गको आधार तथा विधि देहाय बमोजिमहुनेछन् ।

(क) वडा कार्यालयले दफा ३ बमोजिम लक्षित वर्गको पहिचानका बारेमा लाभग्राहिलाई स्पस्टपारी अनुसूची-१ वमोजिमको ढाँचामा लाभग्राहीबाट निवेदन लिनु पर्नेछ ।

(ख) लाभग्राहीबाट निवदेन लिई सकेपश्चात् निवेदनमा भएको विवरण सही भएको खण्डमा वडा कार्यालयले वडा कार्यालयको सिफारिस सहित अनुसूची-२ प्रमाणित गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) वडा समितिले देहायका आधारमा लक्षित वर्गको प्राथमिकीकरण गर्नु पर्नेछ ।

(ग.१) प्राथमिकता-१: घरका एक सदस्य वाहेक सवै सदस्यहरु अपाङ्गता भइ रातो कार्ड र निलो कार्ड लिएको र घर विहिन अवस्था भएमा

(ग.२) प्राथमिकता - २ अनाथ बालबालिका मात्र भएका र घर विहिन अवस्था भएमा



CS CamScanner

(ग.३) प्राथमिकता-३: जिविकोपार्जन गर्न सक्ने परिवारका दुई सदस्य बाहेक सबै सदस्यहरु अपाङ्गता भई रातो र निलो कार्ड लिएको र घर विहिन अवस्था भएका,

(ग.४) प्राथमिकता -४: एकल महिला तथा वृद्धहरु जसको परिवारका अन्य कुनै पनि सदस्य नभएका,

(ग.५) प्राथमिकता-५:घर नभएका भूमिहिन सुकुम्वासी वा २ कट्ठा सम्म जमिन भएर पनि आगलागिका कारण घर नस्ट भएका परिवार

(ग.६) प्राथमिकता-६: वाढी तथा जङ्गली जनावारका कारण घर विहिन भएका परिवार

(ग.७) प्राथमिकता-७: घर भएका तर घरको छाना पराल, स्याउला, प्लास्टिक, बिटुमिनको ड्रम वा यस्तैप्रकारका वस्तुवाट छाएका वा घरको छाना जस्ताले छाएको भए पनि जिर्ण भएका कारण हावा र पानी थेग्न नसक्ने भएको र आगो, पानी तथा हुँरीबाट सहजै प्रभावित हुन सक्ने

(५) फेरबदल गर्न सक्ने: दफा ४ मा जुनसुकै कुरा लेखिएको भए पनि वडा समितिले प्राथमिकिकरण गरी गाउँपालिकामा पेस गरेको विवरणका सम्बन्धमा लक्षित वर्ग छनौटसमितिले जाँचबुझ गर्दा प्राथमिकिकरणमा फेरबदल गर्न आवश्यक देखेको खण्डमा औचित्यका आधारमा फेरबदल गर्न बाधा पर्नेछैन ।



CamScanner

## परिच्छेद-३

### लक्षित वर्ग छनौट समिति तथा अनुगमन समितिको गठन

(६) लक्षित वर्ग छनौट समिति तथा अनुगमन समिति: विपन्न नागरिक आवास योजना सम्बन्धि कार्यक्रम अन्तर्गत लक्षित वर्ग छनौट समिति तथा अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(६.१) लक्षित वर्ग छनौट समितिको गठन:

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | संयोजक |
| (ख) | उपाध्यक्ष | सदस्य |
| (ग) | कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्ये एक जना सदस्य | सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) | भौतिक पूर्बाधार शाखा प्रमुख | सदस्य |
| (च) | योजना शाखा प्रमुख | सदस्य सचिव |

(६.२) लक्षित वर्ग छनौट समितिको काम कर्तव्य र अधिकार: लक्षित वर्ग छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा कार्यालयबाट प्राप्त अनुसूची अनुसारको निवेदन संकलन गर्ने ।

(ख) प्राप्त अनुसूची अनुसारका लाभग्राहीको विवरणलाई आवश्यक छानविन गरी यकिन गर्ने र प्रार्थमिकिकरण सहितको लाभग्राही यकिन सूची कार्यपालिकामा पेस गर्ने ।

(ग) कार्यक्रम सञ्चालनको सिलसिलामा कुनै बाधा आइपरेमा सहजीकरण गर्ने ।

(घ) सुरक्षित नागरिक आवास कार्यक्रमलाई दिगो विकासका लागि अन्य सरकारी तथा गैर सरकारी निकाय समक्ष समन्वय गर्ने ।



CamScanner

(ङ) लाभग्राहीले प्राप्त गरेको अनुदानको रकम सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन समितिसँग समन्वय गर्ने ।

(च) लाभग्राही र गाउँपालिकाको अनुदानबाट संयुक्त रुपमा निर्माण भएका सुरक्षित आवासहरुको मुल्याङ्कन गर्न लगाउने ।

(६.३) अनुगमन समितिको गठन: विपन्न नागरिक आवास निर्माण कार्यक्रम अन्तर्गत लाभग्राहीलाई उपलब्ध हुने अनुदानको रकम कार्यान्वयन सम्बन्धमा आवश्यक अनुगमन गाउँपालिकाको भौतिक पुर्वाधारहरुको अनुगमनका लागी गठीत अनुगमन समितिले नै अनुगमन गर्नेछ ।

(६.४) अनुगमन समितिको काम कर्तव्य र अधिकार: कार्यक्रमवाट अपेक्षा गरीएको नतिजा प्राप्तिका लागि अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विपन्न नागरिक आवास निर्माण कार्यक्रम सञ्चालनमा देखिएका समस्या समाधान गर्ने ।

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकताका आधारमा योजना सञ्चालनको शिलशिलामा अनुगमन गरी लक्षित वर्ग छनौट समिति र कार्यपालिकालाई जानकारी गराउने ।

(ग) लक्षित वर्गको खातामा रकम निकाशा भएपश्चात् अनुदान रकमको सहि सदुपयोग भएको नभएको सम्बन्धमा अनुगमन गरी कार्यालयलाई जानकारी गराउने ।

(घ) लाभग्राहीलाई प्रदान गरीएको अनुदान तथा अन्य सरकारी, गैर सरकारी/दाताबाट प्राप्त अनुदान रकम हिनामिना, अनियमिता भएमा वा गुणस्तरहीन काम भएको यकिन भएमा तत्काल काम गर्न रोक लगाउने र आफ्नो राय सहित प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।



CS CamScanner

(ङ) सम्बन्धित लाभग्राहीले सम्झौता बमोजिम प्रतिवद्धता गरेको हिस्सा साझेदारी भए नभएको यकिन गर्ने । साथै प्रतिवद्धता बमोजिमको हिस्सामा सामेल नभएको खण्डमा कार्वाहीका लागि गाउँपालिकामा राय सहित प्रतिवेदन पेश गर्ने ।

(च) निर्माण कामको शुरुवात भई सके पश्चात प्रत्येक पटक लाभग्राहीको खातामा भुक्तानी गर्नु अघि कार्यक्रमको अनुगमन गरी भुक्तानीका लागि सिफारिस गर्ने ।

## परिच्छेद-४

### कार्यक्रम सञ्चालन गर्ने स्थान र अनुदानको प्रकार

(७) विपन्न नागरिक आवास योजना सञ्चालन गर्ने स्थान र अनुदानको प्रकार: विपन्न नागरिक आवास योजना कार्यान्वयन हुने स्थान र अनुदानको प्रकार देहाय बमोजिम हुनेछ ।

(७.१) योजना सञ्चालन गरिने स्थान: विपन्न नागरिक आवास योजना सुस्ता गाउँपालिका क्षेत्र भित्र का ५ वटै वडामा सञ्चालन गरीनेछ तर प्राथमिकिकरण लक्षित वर्ग छनौट समितिको स्थलगत अनुगमन तथा स्रोत व्यवस्थापनको आधारमा सो भन्दा कम वडा मात्र सञ्चालन गर्न वाधा पर्नेछैन ।

(७.२) विपन्न नागरिक आवास योजना अन्तर्गत आवास निर्माण गर्न लाभग्राहीको एकाघर भित्रका सदस्यको नाममा दर्ता भएको लालपुर्जा वा आफ्नो स्वामित्वमा जग्गा नभए विगत १० वर्ष देखि स्थायी बसोबास गरेको बसोबास प्रमाणका आधारमा आवास निर्माण गरिनेछ ।

(७.३) प्राथमिकताका आधारमा अनुसुची ३ बजोजिमको घरको नक्सा डिजाइन र सो बमोजिम घर निर्माण गर्न लाग्ने प्राविधिक लागत

अनुमानको आधारमा गाउँपालिकाबाट बढिमा रु ३३०००००।०० उपलब्ध गराइनेछ अन्य साझेदारी बराबरको काम लाभग्राही आफैले गर्नुपर्नेछ ।

## परिच्छेद-५

### कार्यक्रम कार्यान्वयन सम्वन्धी व्यवस्था

(८) कार्यपालिकाबाट निर्णय गर्नु पर्ने:

(८.१) गाउँपालिका क्षेत्र भित्र वसोबास गर्ने सवै नागरिकलाई सुरक्षित आवासको हक प्रदान गर्ने उद्देश्यले गाउँपालिकाद्वारा सञ्चालित यो योजना सञ्चालन गर्न यसै कार्यावधिको दफा (६.१) बमोजिमको समितिले वडा कार्यालयबाट प्राप्त लाभग्राहीको विवरणलाई आवश्यक जाँचबुझ गरी छनोट गरिएको अन्तिम नामावली र दफा (७.३) को सिमामा लाभग्राहीलाई प्रदान गरीने नगद अनुदानको रकम एकिन गरी कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

(८.२) दफा ८(१) बमोजिम कार्यपालिकाबाट लाभग्राहीलाई दिने अनुदान स्वीकृत भए पश्चात प्रमुख प्रशासकीय अधिकृत मार्फत उक्त कार्यक्रम सञ्चालन गर्न योजना शाखामा पठाउनुपर्नेछ।

(९) लागत सहभागिता एकिन गर्नु पर्ने: दफा ८(२) वमोजिम लाभग्राहीको विवरण र प्रदान गरीने अनुदानको रकम योजना शाखामा प्राप्त भएपश्चात् योजना शाखाले सम्वन्धित लाभग्राहीसँग निजले लगाउन सक्ने लागत सहभागिता सम्वन्धमा यकिन गर्नु पर्नेछ।

(१०) लागत अनुमान तयार गर्ने: दफा (९) बमोजिम योजना शाखाबाट लाभग्राहीलाई दिइने अनुदानको रकम एकिन भएपश्चात् भौतिक पुर्वाधार शाखाले लागत अनुमान तयार गर्नेछ। यसरी लागत अनुमान तयार

गर्दा गाउँपालिकाको अनुदान, सम्वन्धित लाभग्राहीबाट सहभागीता जनाउने रकम वा श्रमदान सहितको लागतअनुमान बनाउनु पर्नेछ।गाउँ पालिकाले सम्वन्धित लाभ ग्राहीसँग सोझै सम्झौतागरी आवास निर्माण गराउनेछ ।

(११) **बैंक खाता खोल्नु पर्ने:**

(१) दफा (१०) वमोजिम लागत अनुमान तयार भएपश्चात सम्वन्धित लाभग्राहीले आफ्नै नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वा 'ख' श्रेणीको बैंकमा खाताखोल्नु पर्नेछ र लाभग्राहीले गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान रकम सुरक्षित नागरिक आवास कार्यक्रमका लागी सम्झौता गरीसके पछि पालिकाबाट प्रदान गरिने अनुदानको ३५ प्रतिशत रकम पेश्कीको रुपमा र बाँकी रकम कार्य सम्पन्न गरीसके पछि प्राविधिक विल तथा लाभग्राहीले पेश गरेको बिल भरपाईका आधारमा लाभग्राहीको सोहीखातामा रकमजम्मा गर्नु पर्नेछ ।

## विविध

(१२) **अनुदान रकम असुल उपर गराइने:** कुनै पनि लाभग्राहीले झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान लिएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा असुल उपरकालागि सरकारी बाँकी सरह कारवाही चलाइनेछ ।साथै झुट्टा विवरण पेश गरि अनुदान माग गर्ने लाभग्राहीको हकमा गाउँपालिकाले उपलब्ध गराउने विपन्न नागरिक आवास कार्यक्रम लगायतका अन्य सेवा सुविधा उपलब्ध गराइनेछैन ।

(१३) **बेचविखन गर्न नपाउने:** (१) यसै निर्देशिकाको दफा (७.२) अन्तर्गत प्राथमिकतामा परेका लक्षित वर्गले १० वर्ष सम्म विपन्न नागरिक आवास योजना अन्तर्गत बनेको घर बिक्रि गर्न पाइने छैन ।

(१४) **अनुदानको रकम एक पटक मात्र पाउने:** कुनै पनि लक्षित वर्गलाई यस कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराइसके पछि लाभग्राहीले अनुदानबाट प्राप्त गरेको घर वा अनुदान रकम प्रयोग गरी निर्माण तथा मर्मत गरेको घर बेचविखन गरेको भए पनि पुन अर्को पटक अनुदान उपलब्ध गरीनेछैन ।

(१५) **एकाघरका परिवारले अनुदान नपाउने:** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकाघरका परिवारका सदस्यलाई एक पटक गाउँपालिकाबाट विपन्न नागरिक आवास योजना कार्यक्रम अन्तर्गत अनुदान दिई सके पछि पुन सोहि परिवारको अर्को सदस्यलाई यो अनुदान दिइनेछैन । एकै परिवारका सदस्यहरु छुट्टि भिन्न भएको हकमा प्रत्येक वर्प लाभग्राही छनोटका लागि निकालिने सूचना पूर्ब कानूनी मान्यता प्राप्त हुने गरी आधिकारिक रुपमा भिन्न भइसकेको हुनुपर्नेछ गाउँ समाजमा भिन्न भएको कागजात पेश गरेमा त्यसलाई मान्यता दिइनेछैन ।

(१६) **खारेजी र बचाउ:**

यस निर्देशिका भएका कुराको हकमा यसै निर्देशिका बमोजिम र नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित



CamScanner

भएका मितिवाट लागू हुनेछ ।

यस निर्देशिकाको व्याख्या संसोधन र परिमार्जन गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

## अनसुची १

### विपन्न नागरिक आवासका लागी दिइने आवेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यू
सुस्ता गाउँपालिका वडा न ........ को कार्यालय ।

विषय: विपन्न नागरिक आवास निर्माण कार्यक्रमको सुविधा पाँउ भन्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मेरो सुरक्षित रुपमा वसोवास गर्ने घर नभएको र यसै निवेदनमा उल्लेख भएका विवरण मध्ये म श्री/सुश्री ........................................................................................आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको परिवारका कुनै पनि सदस्य सरकारी, गैरसरकारी वा निजि संघसस्थामा कार्यरत नरहेको, मासिक रुपमा कुनै पेन्सन प्राप्त गर्ने नगरेको, वैदेशिक रोजगारीमा नरहेको तथा कार्यविधिको परिच्छेद २ को दफा ४(ग) लाभग्राही बर्गीकरणको प्रार्थमिकता नम्बर ............................................... अन्तर्गत पर्ने भएकोले विपन्न नागरिक आवास योजना अन्तर्गतको सुविधा उपलब्ध गराइ दिनु हुन अनुरोध छ। साथै मैले तपशिलमा पेश गरेको विवरण झुटा ठहरे कानून वमोजिम सहने/वुझाउने छु ।

**निवेदनसाथ संलग्न कागजपत्र**

१ जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि

२ नागरिकताको प्रतिलिपी

३ आफ्नो नाममा जग्गाधनी प्रमाणपत्र नभएको खण्डमा विगत १० वर्षदेखि सोहि स्थानमा बसोबास गरेको प्रमाण

४ एका घर परिवारको नाममा २ कट्ठा भन्दा वढी जग्गा जमिन नभएको स्वघोषणा ।

निवेदक

नामथरः.........................................

ठेगानाः.........................................

फोन नः.........................................

## अनसुची २

## वडा कार्यालयले गाउँपालिकामा पेश गर्ने सिफारिस ढाँचा

श्री विपन्न नागरिक आवस लाभग्राही छनोट समिति,
सुस्ता गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
कुडिया नवलपरासी बर्दघाट सुस्ता पश्चिम ।

विषय : लाभ ग्राही छनोटका लागि सिफारिस गरिएको सम्वन्धमा ।

प्रस्तुत सम्बन्धमा सुस्ता गाउँ पालिकाको विपन्न आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार सुस्ता गाउँ पालिका वडा नं .....

टोल/बस्तीको नाम: ..........................................................................


मा बसोबास गर्ने श्री ..........................................................................

ले यस वडा कार्यालयमा विपन्न नागरिक आवास कार्याक्रमका लागि निवेदन पेश गर्नु भएकोमा लाभग्राही छनोटको प्रार्थमिकता नम्बर ......... .......................................................................... मा परेकोले लाभग्राही छनोटका लागि छनोट समिति समक्ष सिफारिस गरिएको बेहोरा अनुरोध छ।

प्रमाणित गर्ने<br>
वडा अध्यक्ष

## अनसुची ३

## विपन्न नागरिक आवासको ढाँचा




आज्ञाले,

प्रमाणिकरण मितिः २०८१।११।२७

हुमलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner